# नगर प्रमुख श्री नागेन्द्र प्रसाद यादवले मलंगवा नगरपालिकाको मलंगवा सोनबरसा सीमा नाकामा नेपालको राष्ट्रिय झण्डा उदघाटन समारोहमा प्रस्तुत गर्नु भएको समापन मन्तव्य

# मलंगवा नगरपालिका

## मधेश प्रदेश, सर्लाही, नेपाल

## २०८० भदौ १९

- प्रमुख अतिथि मधेश प्रदेश सरकारका अर्थमन्त्री माननीय सञ्जय कुमार यादवज्यू,
- पूर्व मन्त्री तथा पूर्व सांसदज्यू ,
- प्रदेश सभा सदस्यजयूहरू,
- राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिज्यूहरू,
- मा जिल्ला न्यायाधिशज्यू,
- उप प्रमुखज्यू,
- प्रमुख जिल्ला अधिकारीज्यू तथा सम्पूर्ण कार्यालय प्रमुखज्यूहरू,
- प्रमुख प्रशासकीय अधिकृत तथा नगरकार्यपालिका सदस्य तथा नगरसभा सदस्यज्यूहरू,
- छिमेकी मित्र राष्ट्रका प्रतिनिधिज्यूहरू,
- कर्मचारी तथा सञ्चारकर्मी मित्रहरू,
- सुरक्षाकर्मी तथा उपस्थित सम्पूर्ण दाजुभाई दिदिबहिनीहरू ।

१ यस महत्वपूर्ण समारोहमा उपस्थित भई हामीलाई हौसला र साथ दिनु भएकोमा सबैप्रति म व्यक्तिगत तथा मलंगवा नगरपालिका परिवारका तर्फबाट हार्दिक आभारसहित धन्यवाद व्यक्त गर्दछु ।

२ मलंगवा नगरपालिकाको नगर प्रमुखका रूपमा मेरो यस चौथो कार्यकालमा मलंगवा सोनबरसा सीमा नाकामा नेपालको १०८ फिट

अग्लो राष्ट्रिय झण्डा फहराउने जस्तो महत्वपूर्ण कार्य सम्पन्न गर्न पाउँदा अत्यन्त खुशी लागेको छ ।

३ म यस योजनामा बजेट व्यवस्था गरी सहयोग गर्नु भएकोमा मधेश प्रदेश सरकार र अर्थमन्त्रीज्यूलाई विशेष धन्यवाद दिन चाहन्छु । साथै आगामी दिनमा पनि सहकार्य र सहयोगको अपेक्षा गर्दछु ।

४ नेपालको संबिधान एवम्, संघीय, प्रदेश र स्थानीय कानुनद्वारा प्रदान गरिएको हक अधिकारको उपयोग गर्दै कानुनद्वारा निर्देशित काम, कर्तब्य, अधिकार र दायित्व निर्वाह गर्ने र मधेश प्रदेशअन्तर्गत सर्लाही जिल्लाको सदरमुकाम मलंगवा नगरपालिकाको पहिचान वृद्धि, चौतर्फि विकास र समृद्धिका लागि हामी प्रतिबद्ध छौं।

५ स्थानीय तहको निर्वाचनबाट निर्वाचित हामी जनप्रतिनिधिहरुले जिम्मेवारी बहन गरेको १५ महिना पुरा भैसकेको छ। यस अवधिमा मलंगवाबासी जनताको हितलाई ध्यानमा राखेर हामीले निरन्तर काम गर्दै आएका छौं। अहिले दोस्रो बर्षको प्राम्भमा नै यो उपहार जनसमक्ष प्रस्तुत गर्दछौं ।

६ हामीले थालेका कामहरूले विस्तारै परिणाम दिन थालेका छन् । नगरको चौडा सडक, नगरपालिकाको आन्तरिक सुधार सेवा प्रवाहमा चुस्तता र पारदर्शिता, नगरगान र आफ्नै लोगो निर्माण, ५ वर्षे आवधिक योजना तर्जुमा, लैङ्गिक समता रणनीति निर्माण, सङ्गठन तथा व्यवस्थापन सर्भे, राजश्व सुधार कार्ययोजना, सार्वजनिक सुनुवाई, एक

वर्षे कार्यकालका कार्यविवरण सार्वजनिक गर्ने, **नगरस्तरीय वार्षिक कार्य पात्रो (क्यालेण्डर)** प्रकाशन गरी लागु गरिएको जस्ता कामहरूको दूरगामी महत्व रहनेछ ।

७ जनहितका लागि स्वास्थ्य शिविरहरू सञ्चालन, ३९ स्थानबाट नमुना सङ्कलन गरी **भूमिगत पानी परीक्षण**, शिक्षामा २७ बुँदे परिपत्र सहित सुधारको थालनी, जग्गा वर्गीकरण, कृषि पशु तथा सिँचाइमा सुधार, **मलंगवा बसपार्क सञ्चालन**, आवश्यक कानुन तर्जुमा र कार्यान्वयन तयारी जस्ता कार्यहरूले आगामी दिनमा नगरपालिका र नगरबासीको पहिचान, विकास, आत्मनिर्भरता र सम्वृद्धिको चाहना पूरा गर्न महत्वपूर्ण योगदान गर्ने विश्वास लिइएको छ ।

८ आर्थिक वर्ष २०८०।०८१ का लागि मलंगवा नगरपालिकाको नीति तथा कार्यक्रमको बुँदा नं ७७ मा **नेपाल भारत अन्तर्राष्ट्रिय सिमाको भन्सार खण्डमा नेपालको राष्ट्रिय झण्डा फहराइने छ** भन्ने सङ्कल्प गरिएकोमा यो अभिलाषा पूरा भएको छ । यसले नगरपालिकाको पहिचानमा थप योगदान गर्नेछ भन्ने विश्वास लिएको छु ।

९ हिजो भदौ १८ गते बसेको नगर कार्यपालिका बैठकबाट **नेपाल भारत अन्तर्राष्ट्रिय सिमाको भन्सार खण्डमा नेपालको राष्ट्रिय झण्डा फहराइने** यस योजनालाई **मलंगवा नगर गौरवको योजना** घोषणा गर्ने निर्णय गरिएको छ । आगामी दिनमा यस सार्वजनिक सम्पत्तिको भरपूर उपयोग, प्रचार, प्रसार र संरक्षण समेत गर्ने जिम्मा आम

नगरबासी, नेपाली जनता तथा छिमेकी मित्रराष्ट्रका नागरिकहरूमा पनि रहेको व्यहोरा अनुरोध गर्दछु ।

१० यस योजनालाई सफलतापूर्वक सम्पन्न गर्न जग्गा उपलब्ध गराउनु हुने श्री खलिल हक अन्सारी जीलाई विशेष धन्यवाद दिन चाहन्छु । छोटो समयमा अहोरात्र खटेर यस रूपमा ल्याउन लागि पर्नुहुने उपभोक्ता समितिका पदाधिकारीहरू, नगरपालिकाका प्राविधिक तथा अन्य कर्मचारीहरू र मिस्त्रीहरूका साथै हामीलाई खवरदारी गर्ने राज्यका नियामक निकायहरू तथा हामीलाई समय समयमा सुझाव दिइ सहयोग गर्नुहुने शुभेच्छुक महानुभावहरु र सञ्चारकर्मी सबैप्रति म विशेष धन्यवाद व्यक्त चाहन्छु ।

११ अन्तमा यस समारोहमा उपस्थित भई शुभकामना व्यक्त गरेर हामीलाई हौसला दिनु भएकोमा प्रमुख अतिथि मधेश प्रदेश सरकारका अर्थमन्त्री माननीय सञ्जय कुमार यादवज्यू, उपस्थित पूर्वमन्त्री, माननीयज्यूहरू, राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिज्यूहरू कार्यालय प्रमुखजयूहरू, नगरकार्यपालिका परिवार, सामाजिक संघ संस्थाका प्रतिनिधिज्यूहरू सबैप्रति धन्यवाद व्यक्त गर्दछु र समारोह यहीँ समापन भएको निवेदन गर्दछु ।

धन्यवाद । जय नेपाल ।

श्री नागेन्द्र प्रसाद यादव
नगर प्रमुख